नार्फा भुमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०७६ साल वैशाख २० गतेको यस नार्फा भुमि गाउँपालिकाको आ.व. ०७५/०७६ को बजेट तथा कार्यक्रम संशोधनको लागि गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरिङ लामा ज्युको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ सभाका सदस्य / पदाधिकारीहरुको उपस्थितिमा पाँचौं गाउँ सभाले निम्न बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायबमोजिमको निर्णयहरुको सर्व सम्मतिले पारित गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| गा.पा अध्यक्ष | : | श्री मिङमा छिरिङ लामा |
| गा.पा उपाध्यक्ष | : | श्री कुन्जो तेन्जिङ लामा |
| सदस्य | : | श्री रितार छिपेल लामा |
| " | | श्री मेङमर फुन्चो लामा |
| " | | श्री साङ्गी धावा लामा |
| " | | श्री छिरिङ डेन्डो घले |
| " | | श्री सोनाम तेडो लामा |
| " | | श्री नुपा छिरिङ लामा |
| " | | श्री कर्मा दोर्जे लामा |
| " | | श्री फुन्जो पासाङ लामा |
| " | | श्री पासाङ डेन्डी घले |
| " | | श्री याङजिङ साङमा लामा |
| " | | श्री पेम्बा फुन्जो लामा |
| " | | श्री फुन्जो छिरिङ लामा |
| " | | श्री टसि छिरिङ लामा |
| " | | श्री धावा याङ्जेन लामा |
| " | | श्री पेम्बा दोर्जे लामा |
| " | | श्री लाक्पा सोनाम शेर्पा |
| " | | श्री टसि छेन्जोम लामा |
| " | | श्री कर्मा वाङ्दी लामा |
| " | | श्री टसि डिण्डु लामा |
| सदस्य सचिव | | श्री नेत्र मणि न्यापाने |

विशेष उपस्थिति

जिल्ला समन्वय समिती मनाङका उपप्रमुख - श्री कृष्ण बहादुर लामा

नार्पा भुमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

~~प्रशासन~~ अधिकृत : श्री लक्ष्मण अर्याल
सूचना प्रविधि अधिकृत : श्री उज्वल बाँस्तोला
कृषि शाखा प्रमुख : श्री महेस प्रारिवना
पशु शाखा प्रमुख : श्री राम प्रसाद अधिकारी
वडा सचिव : श्री सुदिप प्रसाद अधिकारी
स्वास्थ्य संयोजक : श्री अमिताभ आलम
वडा सचिव : श्री नारायण पन्थी
का.स. खरिदार : श्री नन्द घले
महिला शाखा संयोजक : श्री शान्ता पंडित
(स्वास्थ्य) अ.न.मि : श्री अनिता राना
पशु ना.प्र.स्वा.प्रा : श्री विकास बाबु बराम
लेखापाल : श्री बाबु कसेरा
स.ले.प. : श्री केदार प्रसाद अधिकारी
पाल्मा ई.प.का.स : श्री पाल्मा तेन्जेङ लामा
गा.पा.का.स : श्री छविलाल खत्री
CMC सदस्य : श्री सोनम फुर्चो
CMC अध्यक्ष (नार) : श्री पेम्बा फुन्जो लामा
गुम्बा सदस्य : श्री लाक्पा छिरिङ लामा
गुम्बा कोषको अध्यक्ष : श्री फुर्पा घेले लामा
समाजसेवी : श्री फुन्जो पाङ्दी लामा
का.स : श्री छोरिंग छेवाङ लामा
: श्री सागर बाठामगर
'' : श्री फुन्जो पाङ्गेल लामा
'' : श्री तेनसिङ पल्मा लामा
पाल्मा समाजसेवी
पेमा '' : श्री पेम्बा छेमी लामा
समाजसेवी : श्री ख्वाम्साङ पाङ्दी घले
का.स : श्री रूप राज गुरुङ
CMC अध्यक्ष (फु) : श्री कर्मा तेन्सिङ लामा
: श्री कर्मा छिमी लामा
क.स. : श्री लोप्साङ फुन्जो लामा
: श्री कर्म वाङछुक गुरुङ
पाल्मा : श्री पाल्मा ल्हाङमो लामा
: श्री थावा युडेन लामा
: श्री कर्म छरी लामा
सोनम : श्री सोनम छिरिङ लामा
: श्री कर्मा टेम्पा गुर्पा घले

**प्रस्ताव नं. १**

रणदल गुल्म चामेको हाता भित्र यस गा.पा.का लागि आवश्यक विष्फोटक पदार्थ स्टोरेज भवन निर्माण सम्बन्धमा मिति २०७५/०४/२८ मा भएको यस नार्पा भूमि गाउँ कार्यपालिकाको निर्णय अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर आवश्यक छलफल गर्दा अग्रिम रुपमा नै रणदल गुल्म र यस गा.पा.का बीच MOU समेत भई आ.व. ०७४/०७५ मा समेत बजेट बिनियोजन भएको र कारणबस काम सम्पन्न हुन नसकेको तर यस आ.व.०७५/०७६ को बार्षिक बजेटमा समेत छुट हुन गएकोले बजेट बिनियोजन गर्न नसकिएको र मिति २०७५/०४/२८ को यस नार्पा भूमि गाउँकार्यपालिकाको बैठकको निर्णय (निर्णय नं.९) अनुसार रणदल गुल्म चामे मनाङको हाता भित्र यस गा.पा.का लागि आवश्यक **विष्फोटक पदार्थ स्टोरेज भवन निर्माण**का लागि रु. १५०००००।- (अक्षेरेपी पन्ध्र लाख रुपैयाँ मात्र बिनियोजन) भई यस आ.व.को **भैपरी आउने पूँजीगत खर्च** शीर्षकमा खर्च जनाई काम सम्पन्न गर्ने निर्णय भए अनुसार काम सम्पन्न भई अन्तिम भुक्तानी समेत भएकोले कार्यपालिकाको सो निर्णय गाउँ सभाको पूर्ण मतले अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २**

नार्पा भूमि गा.पा.को गाउँ कार्यपालिकाको मिति २०७५/०७/२६ को निर्णय (निर्णय नं. १) अनुसार यस गा.पा.को नाउँमा साविक नार ८ कि.नं. ३६६ खरिद गर्ने निर्णय गरिएकोमा सो निर्णय अनुमोदनका लागि गाउँ सभामा अनुमोदनको लागि पेश गर्दछु ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर आवश्यक छलफल गर्दा यस गा.पा.को लागि अति आवश्यक देखिएको उक्त साविक नार ८ को कि.नं.३६६ क्षे.फ. ०-७-२-० को जग्गा खरिद सम्बन्धी यस नार्पा भूमि गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७५/०८/२६ को निर्णयानुसार उक्त कित्ता जग्गा रु. ३११०००।- (अक्षरेपी तीन लाख एघार हजार रुपैयाँमात्र : जग्गाको मुल्य ३०००००।- राजश्व : ६०००।- र प्रशासनिक खर्च रु. ५०००।-) मा खरिद गरि उक्त रकम **जग्गा प्राप्ति** शीर्षकमा खर्च जनाई अबण्डामा रहेको रकममंध्येबाट भुक्तानी गर्ने निर्णय भई जग्गा प्राप्ति सम्बन्धी अन्य कानूनी प्रक्रियासमेत पुरा गरी मालपोत कार्यालय चामेबाट लेनदेन (र.नं. ६१ मिति २०७५/०८/२० को राजिनामा पारित लिखतद्वारा) गरी यस नार्पा भूमि गा.पा.को नाउँमा राजिनामा पारित भई भुक्तानी समेत भईसकेकोले उक्त जग्गा खरिद गर्ने सम्बन्धी गाउँ कार्यपालिकाको निर्णय आजको यस गाउ सभाबाट अनुमोदन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**प्रस्ताव नं ३**

नार्पा भूमि गा.पा च्याँखु वडा नं.३ मा गाउँ पालिकाको लागि साविक वडा नं ८ का जग्गाहरु खरिद गर्नेप्रस्ताव गाउँ सभाबाट अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाको केन्द्र च्याँखुमा विभिन्न प्रयोजनका लागि आवश्यक जग्गाहरु खरिद गरी प्राप्ती गर्नु पर्ने भएकोले आवश्यक रकम विनियोजन गर्ने तथा निजि जग्गा खरिदको प्रकृया अगाडी बढाउने निर्णय आजको यस गाउँ सभामाबाट पारित गर्ने निर्णय अनुमोदन गरिएको छ ।

**खरिद गर्नुपर्ने जग्गाहरुको विवरण:**

| क सं | जग्गाधनीको नाम थर | कित्ता नं | क्षेत्रफाल | मूल्य |
|---|---|---|---|---|
| १ | छेसाङ गुरुङ | ३५८ | ०-१०-१-२ | रु.४१५०००। |
| २ | कामी छिरिङ लामा | ३५९ | ०-८-०-३ | रु.३२६५००। |
| ३ | ङिमादी लामा | ३६० | ०- ९-० १ | रु.३६२५००। |
| ४ | सङगी छेपे लामा | ३६१ | ०-८-२-२ | रु.३४५०००। |
| ५ | पेमा सम्ड घले | ३६२ | ०-८-२-० | रु.३४००००। |
| ६ | पेमा रिन्जेन घले | ३६३ | ०-७-२-३ | रु.३०७५००। |
| ७ | छिरिङ फुन्जो लामा | ३६४ | ०-७-०-१ | रु.२८२५००। |
| ८ | छ्यो फूर्पा लामा | ३६५ | ०-९-०-२ | रु.३६५०००। |
| ९ | छिरिङ याङजिम लामा | ३६७ | ०-७-२-० | रु.३०००००। |
| १० | रितार छेक्टु लामा | ३६८ | ०-८-०-० | रु.३२००००। |
| | राजश्व तथा प्रशासनीक खर्च: | | | रु.११००००। |
| | जम्मा | | | रु.३४७४०००। |

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**प्रस्ताव नं. ४**

वडा नं. २ का वडा अध्यक्ष श्री मेङमर फुन्चो लामाको निवेदन तथा गा.पा. अध्यक्ष श्री मिङमा छिरिङ लामाको तोक आदेश बमोजिम **मेतादेखी कोतोसम्मको बाटोमा पहिरो पन्छाउने** कामका लागि श्री दिनेश बुढामगरलाई कार्यादेश दिई काम समेत सम्पन्न भई रु. १८००००।- अक्षरेपी एक लाख असी हजार रुपैयाँमात्र) **भैपरी आउने पूँजीगत खर्च** शीर्षकबाट भुक्तानी भएकोले सो कार्य कार्यपालिकाबाट स्वीकृत गरीएको निर्णय आजको यस गाउँ पालिकाबाट अनुमोदन गरियो भनि प्रस्ताव पेश गर्छु ।

**निर्णय नं. ४**

तत्कालीन परिस्थितिमा बर्षातका कारणले मेता देखि जिल्ला सदरमुकाम चामे सम्म आउजाउ गर्ने उक्त एकमात्र मेता देखि कोतो सम्मको बाटोमा ठाउँठाउँमा रुख ढली, पहिरो गई बाटो अबरुद्ध भएको र सो बाटो खुलाउने प्रयोजनका लागि उक्त कार्य अनिवार्य गर्नुपर्ने देखिएकोले मेता देखी कोतो सम्मको बाटोमा पहिरो पन्छाउने प्रयोजनका लागि गाउँकार्यपालिकाको कार्यालयबाट कार्यादेश बमोजिम सम्पन्न भई रु. १८००००।- भैपरी आउने पूँजीगत खर्च शीर्षकबाट भुक्तानी समेत भईसकेकोले उक्त कार्य गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी गरिएकोले गाउँ कार्यपालिकाको निर्णय आजको यस गाउँ सभाबाट अनुमोदन गरिन्छ ।

**प्रस्ताब नं. ५**

गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका अन्य निर्णयहरु गाउँ सभामा जानकारीका लागि पेश गरी सम्पूर्ण निर्णयहरु अनुमोदन गरियोस् भन्ने प्रस्ताव आजको यस गाउँ सभामा पेश गर्दछु ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर आवश्यक छलफल गर्दा यस आ.व. ०७५/०७६ मा यस नार्पा भूमि गाउँपालिका गाउँकार्यपालिकाका विभिन्न मितिमा बैठक बसी आवश्यक निर्णय लिईएको र अधिकांश निर्णयहरु कार्यान्वयन समेत भएको र केही निर्णयहरु आर्थिक, प्राविधिक तथा वातावरणीय कारणले कार्यान्वयन गर्न नसकिएको भएता पनि आगामी दिनमा कार्यान्वयन गर्दै लगिने प्रतिबद्धताका साथ यस गा.पा.को गाउँकार्यपालिकाका विभिन्न मितिमा बैठक बसी भएका निर्णयहरु यस गाउँ सभाको सर्वसहमतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्य विधि २०७५ को नाम, कार्य विधि, समितिको नाम तथा सम्पत्तीको मूल्याङ्कन दर संशोधन गर्ने प्रस्ताव अजको यस गाउँ सभामा अनुमोदनको लागि पेश गर्दछु ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस भन्दा अगाडी (चौथो) गाउँ सभाबाट पारित भई कार्यन्वयनमा लैजान व्यवस्था गरिएको एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्य विधि २०७५ लाई अव उप्रान्त सम्पत्ती तथा भूमि कर व्यवस्थापन कार्य विधि पहिलो संशोधन २०७६ को नामबाट कार्यन्वयनमा ल्याउने तथा साविकको उक्त ऐन भित्रका दफा, उपदफा लाई सम्पत्ती तथा भूमि कर समितिको सिफारीस बमोजिम संशोधन गरी लागु गर्ने तथा सम्पत्तीको मूल्याङ्कन दर लाई समेत समितिको संशोधित सिफारीस बमोजिम नै लागु गर्ने निर्णय गरियो । साथै निर्मित घर लगाएत भौतिक संरचनाको हकमा साविको व्यवस्थालाई यथावत राख्ने तथा अव उप्रान्त एकिकृत सम्पत्ती कर मूल्याङ्कन समितिलाई सम्पत्ती तथा भूमि कर व्यवस्थापन समितिको नाममा परिर्वतन गर्ने प्रस्ताव अजको यस गाउँ सभाबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

साविकका नार र फू गाउँ विकास समितिको कार्यालयबाट सोतह हस्तान्तरण भई आएका काम नलाग्ने स्थायी जिन्सी तथा नार्पा भूमि गा.पा.का काम नलाग्ने अवस्थाका सामाग्रीहरुको लिलाम विक्रि गर्ने प्रस्ताव अनुमोदनको लागि पेश गर्दछु ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा साविकका नार र फू गाउँ विकास समितिको कार्यालयबाट स्वतः हस्तान्तरण भई आएका तथा गा.पा कार्यालयबाट खरिद भई स्थायी जिन्सीमा आम्दनी बाँधिएका सामाग्रीहरुको जिन्सी निरिक्षण गराई प्राप्त प्रतिवेदन अनुसार टुटफुट भई काम नलाग्ने अवस्थाका जिन्सी सामानहरु कार्यालयको स्थायी जिन्सी खातामा आम्दानी बाँधी राख्न उपयूक्त नभएकोले त्यस्ता जिन्सी सामाग्रीहरु लाई मूल्याङ्कन समिति गठन गरी लिलाम बढावढ प्रकृयाबाट विक्री गर्ने निर्णयको लागियस गाउँ सभाबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८**

था खोला जलविद्युतको मर्मत,(मेता विद्युतीकरण योजना) विद्युत विस्तार गरि नारबाट मेता,च्याँखु र क्याङ सम्म विस्तार गर्न आवश्यक निर्णय र बजेट व्यवस्थको लागि आजको यस गाउँ सभाबाट निर्णय गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा नार्पा भूमि गाउँ पालिकाको नार गाउँको था खोलाको जलविद्युतको कुलो मर्मत र विद्युत विस्तार गरी नार गाउँ देखि मेता हुदै गा.पा.को केन्द्र च्याँखु, र क्याङ सम्म विद्युत विस्तार गर्न आवश्यक पोल,ट्रस्मिटर,तार लगाएतका सामाग्रीहरु खरिद तथा ढुवानी गरी विद्युत विस्तार गर्न अत्यावस्क भएकोले सोको लागि आवश्यक बजेट निर्णय नं.१५ मा व्यवस्था गरिए अनुसार हुने गरि यस गाउँ सभाबाट पारित गरियो ।

छिरिङ लामा
गाउँपालिका अध्यक्ष

प्रस्ताव नं.९

ना खोला जलविद्युतको मर्मत गरि विद्युत आपूर्ति सहजबनाउनको लागि आवश्यक बजेट सहित निर्णय गरियोस भन्ने प्रस्ताव आजको यस गाउँ सभामा पेश गर्दछु ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा ना खोला जलविद्युतक मर्मत तथा टरवाईन खरिद र ढुवानी गरी विद्युत आपुर्ति व्यवस्था मिलाउन आवश्यक रकमको व्यवस्था यसै सभाको निर्णय नं. १५ बमोजिम हुने गरि अनुमोदन गरिन्छ ।

**प्रस्ताव नं. १०**

नार्पा भूमि गा.पा को केन्द्र च्याँखुमा एकीकृत शहरी विकास योजना, च्याँखु गुरुयोजना निर्माण गर्नको लागि आवस्यक विस्तृत परियोजना तयार गर्न र आवश्यक रकम रु. गरियो भन्ने प्रस्ताव पेश गर्दछु। संशोधन गरि विनियोजन गर्ने निर्णय आजको यस गाउँ सभाबाट पारित गरियो ।

**निर्णय नं १०**

नार्पा भूमि गा.पा को केन्द्र च्याँखुमा साविकको वडा नं. ७,८ र ९ (हालको नार्पा भूमि वडा नं ३ ) मा एकीकृत शहरी विकास योजना, च्याँखु गुरुयोजना निर्माण गर्नको लागि आवश्यक परामर्श दाता संस्थालाई यस क्षेत्रको सम्भाव्यता बारे अध्ययन गराउने र यसको कार्यान्वयनको लागि कार्य विधि निर्माणको निम्ति 'जिल्लाको नापी कार्यालय, मालपोत कार्यलय, गण्डकी प्रदेशको भौतिक पूर्वाधर विकास मन्त्रालय अन्तर्गत शहरी पूर्वाधर विकास कार्यालय र केन्द्र मा भौतिक पूर्वाधर तथा यातायात मन्त्रालय अन्तर्गतका शहरी विकास विभाग र राष्ट्रिय योजना आयोगमा परिपत्र र समन्वय गरि एकीकृत शहरी विकास योजना अन्तर्गतका सम्पूर्ण विस्तृत परियोजना प्रतिवेदनाहरु तयार गर्नको लागि आवश्यक रकम रु ५ लाख विनियोजन गर्ने निर्णय आजको यस गाउँ सभाबाट सर्व सहमतीले पास गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

**"नार गाँउः नेपालको सबैभन्दा अग्लो गाँउ" को रुपमा पहिचाहन गराउने सम्वन्धमा आवश्यक निर्णको लागि प्रस्ताव पेश गर्दछु ।**

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ को सम्वन्धमा यस नार्पा भूमि गा.पा.को वडा नं. १ मा अवस्थित नार गाँउको वस्ति ४००० देखि ४२८५ मिटर सम्मको उचाईमा रहेको भएता पनि हाल सम्म नेपालमा सबै भन्दा अग्लो स्थानमा रहेको वस्ति भनेर डोल्पा जिल्लाको धो तरापगाउँ लाई मानिदै आएकोमा उक्त धो तरापगाउँको उचाई जम्मा ३९०० देखि ४२०० मिटर मात्र भएकोले सो गाउँ भन्दा यस मनाङ जिल्लाको नार्पा भूमि गा.पा.को वडा नं. १ मा रहेको नार गाउँको उचाई नै वढि भएकोले यो गाउँ लाई नै नेपालमा मानब बस्ती रहेको सबै भन्दा अग्लो स्थानमा रहेको गाँउको रुपमा पहिचान तथा सूचिकृतको लागि नेपाल सरकारको सम्बन्धित निकायहरुमा जानकारी गराई प्रमाणीत गराउन पहल गर्ने गाउँ कार्यपालिकाको निर्णय आजको यस गाउँ सभाबाट अनुमोदन गरियो ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**प्रस्ताव नं. १२**

भारतीय दूतावासको साना विकास परियोजना अनुदान कार्यक्रम अनुसार यस गा.पा.बाट आयोजना प्रस्ताव पेश गरिएकोमा, पुनःआयोजना प्रस्ताव पेश गर्नु पर्ने भएकोले सो सम्वन्धि निर्णयको लागि यस गाउँ सभामा प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं. १२**

प्रस्ताव नं.१२ को सम्बन्धमा यस नार्पा भूमि गाँउपालिकाको वडा नं. ५ फू स्थित टासी लाखाङ गुम्बा र नार गाँउको वडा नं. १ स्थित साम्डुप छोलिङ गुम्बाहरुको मर्मत तथा निर्माणको लागि यस अघि नै नेपाल सरकार मार्फत भारत सरकारलाई अनुरोध गरि प्रकिया अगाडि बढेकोमा यस कार्यलयको मिति २०७५।५।१२ गतेको पत्रको प्रतिकियाको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.५८५, मिति २०७५।६।१ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्ले पुराना कार्यान्वयनमा जान नसकेका प्रस्तावको विषयमा पुनःनयाँ प्रक्रियाबाट शुरु गर्ने र कुल लागतको २०% स्थानीय सरकारले लागत साझेदारी गर्नु पर्ने भन्ने निर्णयको जानकरी नार्पा भूमि गा.पा कार्यलयमा भए अनुसार उपरोक्तानुसारका गुम्बाहरुको लागि पुनःलागत स्टीमेट, नक्शा रडिजाइन तथा प्राविधिक स्टीमेट सहितको आयोजना प्रस्ताव पेश गर्नु पर्ने सम्वन्धमा उपरोक्तानुसारका प्रकृया पुरा गरी यस गा.पा. बाट व्यहोर्नु पर्ने तपशिल अनुसारको २० प्रतिशत लागत साझेदारी व्यहोर्ने सहमती को लागि गाउँ कार्यपालिकाले पेश गरेको तपशिको विवरण आजको यस गाउँ सभाले अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल:**

| क.स | संरचना/ निर्माण तथा मर्मत | स्टीमेट अनुसारको कुल लागत | गा.पा.ले व्यहोर्ने २० प्रतिशत को रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | साम्डुप छोलिङ गुम्वा, निर्माण | १०,८०३,२३५। | २१,६०,६४७। | |
| २ | क) टासी लाखाङ गुम्वाको मुख्य पुजा घर निर्माण | ८५,३९,८२८। | १७०७९६५।६ | |
| | ख) प्रशासनीक घर निर्माण । | १,८०,५६,४३८। | ३६११२८७६ | |
| | ग) ध्यांन केन्द्र निमार्ण । | १,१५,१६,९०९। | २३०३३८१।८ | |
| | **कुल लागत** | **४,८९,१६,४१०।** | **९७,८३,२८२।** | |

**प्रस्ताव नं. १३**

पर्यटन प्रवर्द्धनको लागि नार फू ट्रायल ट्रेकिङको विकास तथा प्रचार प्रसार गर्ने सम्बन्धमा कार्यपालिकाले गरेको निर्णय अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं १३**

प्रस्ताव नं.१३ मा छलफल गर्दा नेपाल सरकारले पर्यटन वर्ष सन २०२० मनाउने सर्न्दभमा देशमा रहेका १०० पर्यटकीय गन्तव्यहरु पहिचाहन गर्ने क्रममा यस नार्पा भूमि गा.पा को नार फू ट्रायल ट्रेकिङ रुट पनि

छिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

नार्पा भूमि गा.पा.का को चालु आ.व. २०७५/७६ को लागि मिति २०७५/३/१९ गतेको चौथो गाउँ सभाबाट विनियोजन गरिएको चालु तथा पुँजिगत कार्यक्रमबाट यसै आ.व. मा संचालन तथा खर्च नहुने गाउँ कार्यपालिकाको लेखा शाखाबाट प्राप्त खर्चको विवरणका आधारमा चालु तर्फ कार्मचारीहरु दरवन्दी अनुसार पदपूर्ति भई नआएकोले कर्मचारी पारिश्रमीक र स्थानिय भत्ताबाट खर्च नहुने तथा पुँजिगत कार्यक्रममा मुचु खोला जलविद्युत आयोजना हाललाई संचालन गर्न नसकिने हुनाले र उल्लेखित अन्य स साना कार्यक्रममा समेत केहि रकम बचत हुने अनुमानीत बजेटका आधारमा संशोधन गर्नु पर्ने कार्यक्रम तथा बजेट निम्नानुसार रहेकोले पाँचौ गाउँ सभामा संशोधन गर्न पेश गरीएको छ ।

**चालु कार्यक्रम तर्फः**

| क्र.सं. | बजेट रकम नं. | बजेट शिषक | वार्षिक बजेट रु. | खर्च हुने अनुमानित बजेट रु. | बाँकी बचत हुने अनुमानित बजेट रकम रु. |
|---|---|---|---|---|---|
| १ | | कर्मचारी पारिश्रमिक | ९५,००,०००। | ४,००,०००० | ५५,००,०००। |
| २ | | स्थानीय भत्ता | ३४३००००। | १२,३००००। | २२,००,०००। |
| | | | जम्मा रकम रु. | | ७७,००,०००। |

**पूँजिगत कार्यक्रमतर्फः**

| क्र.सं. | बजेट रकम नं. | बजेट शिषक | वार्षिक बजेट रु. | खर्चहुने बजेट रु. | बाँकी बचत हुने अनुमानीत बजेट रकम रु. |
|---|---|---|---|---|---|
| १ | | मुर्चखोला जलविद्युत आयोजना | ८०,००,०००। | १,००,०००। | ७९,००,०००। |
| २ | | चौरि बच्चा संरक्षणको लागि विद्युतिय तारवार | २,००,०००। | ० | २,००,०००। |
| ३ | | सात वटा घोडा खरिद, दाना र मोटरसाईकल खरिद | १९,००,०००। | १६,००,०००। | ३००,०००। |
| | | | | जम्मा रकम रु. | ८४,००,०००। |

चालु तथा पुँजिगत कार्यक्रम ( क + ख ) बाट जम्मा बचत हुने अुमानित रकम रु. १,६१,००,०००। - अक्षेरुपी रु. एक करोड एकसट्ठी लाख मात्र )

१०० पर्यटकीय गन्तव्य मध्ये पर्न सफल भएकोले यस रुटको प्रचार प्रसारको लागि र पर्यटन प्रवर्द्धनको लागि यस क्षेत्रमा नार्पा पर्यटन केन्द्र (Narpa Tourism) गठन गर्ने र यसले आधिकारीक webpageनिर्माण गर्ने, प्रचारक पुस्तिका तथा पर्चाहरु (Brochures and Templates) र भ्रमण वृतान्त (Travel Itinerary), आवेदनपत्रहरु प्रकाशित गरि सम्वन्धित सरकारी निकायहरु, अन्नपूर्ण संरक्षण आयोजना क्षेत्र (ACAP), पर्यटन व्यवसायी संघ(TAAN), पर्यटन विभाग, अध्यागमन विभाग र निजी पर्यटन व्यवसायीहरुलाई पत्रचार गरी आवस्यक समन्वय गर्ने कार्यपालिकाको निर्णय आजको यसगाउँ सभाबाट पारित गरियो ।

**प्रस्ताव नं.१४**

धार्मिक, पुरातत्विक र पर्यटकीय स्थान र सम्पदाहरुको मर्मत, रंगरोगन, धोजाअर्पण र जानकारीमुलक साँकेतिक साइनबोर्ड तथा विवरणहरु तयार गरि पर्यटन विकासको प्रर्वद्धनको लागि आवश्यक निर्णय गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ मा छलफल गर्दा नार्पा भूमि गा.पा का सबै क्षेत्रहरुमा धेरै धार्मिक, पुरातात्विक महत्वका सम्पदाहरु जस्तै छोर्तेनहरु, माने, मेनदाङहरु, गुफाहरु आदि र पर्यटकीय महत्वका सम्पदा र स्थानहरुका अवस्था जीर्ण रहेको, प्रचार प्रसार र जानकारी न्यून रहेकोले यीनीहरुको सम्वर्द्धन, प्रवर्द्धन र व्यवस्थापनको लागि उक्त सम्पदाहरुको मर्मत, रंगरोगन, धोजाअर्पण र जानकारीमुलक साँकेतिक साइनबोर्ड तथा विवरणहरु तयार पार्न आवश्यक बजेटको व्यवस्था आजको यस गाउँ सभाबाट पारित गरियो ।

**प्रस्ताव नं.१५**

नार्पा भूमि गाउँपालिकाको मिति २०७५/०४/१९ गतेको चौथों गाउँ सभाबाट पारित नीति, कार्यक्रम तथा बजेटबाट सम्पन्न हुन वा खर्च नहुने चालु तथा पूजिँगत तर्फका कार्यक्रमलाई निम्नानुसार संशोधन गरी यसै चालु आ व २०७५/०७६ मा सम्पन्न गर्नु पर्ने भएकोले बजेट तर्जुमा समितिले पेश गरेको बजेट तथा कार्यक्रमहरुको आधारमा गाउँ कार्यपालिकाले थप कार्यक्रम तथा बजेट तर्जुमा गरि पेश गरेको प्रस्तावआजको यस पाचौं गाउँ सभामा आवश्यक छलफल सहित कार्यक्रम तथा बजेट संशोधन पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ उपर छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाको मिति २०७५/०४/१९ गतेको चौथों गाउँ सभाबाट पारित नीति, कार्यक्रम तथा बजेटबाट सम्पन्न हुन वा खर्च नहुने चालु तथा पूँजिगत तर्फका कार्यक्रमबाट मिति २०७५ चैत्र मसान्त सम्मको चालु तर्फबाट रु.७७ लाख र पूँजिगत तर्फबाट ८४ लाख गरि जम्मा रु.१,६१,००,०००। बचत हुने कार्यक्रम तथा बजेट तर्जुमा समितिको सिफरिस अनुसार सो रकम

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

संशोधन गरी यसै चालु आ व २०७५/०७६ मा सम्पन्न गर्नु पर्ने भएकोले बजेट तर्जुमा समितिले पेश गरेको बजेट तथा कार्यक्रमहरुमा गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेटमा थपघट सहित तयार गरि पेश गरेको कार्यक्रम तथा बजेट आजको यस पाचौं गाउँ सभामा तपशिल बमोजिमको कार्यक्रम संशोधनको लागि खण्ड क चालु तर्फ र खण्ड ख पुँजिगत कार्यक्रम तर्फ निम्नानुसार गर्नको लागि प्रस्ताव पेश गरिएको कार्यक्रम पाचौ गाउँ सभाबाट संशोधन गरि कार्यान्वय गर्ने निर्णय यस सभाको सर्वसहमतीबाट अनुमोदन गरीयो ।

**संशोधन कार्यक्रम तथा बजेट खण्ड क**

**चालु तर्फ**

| क.सं. | बजेट रकम नं. | कार्यक्रम शिषक | कार्यान्वयन हुने स्थान | अनुमानीत आवस्यक बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | गा.पा.कार्यालय भवन च्याँखुको उद्घाटन समारोहको लागि आवस्यक रकम | च्याँखु | ४,००,०००। | |
| २ | | कार्यालय संचालन विविधमा थप रकम रु. | गा.पा कार्यालय,च्याँखु | १०,००,०००। | |
| ३ | | सवारी साधन मर्मत | कार्यालय | ५०,०००। | |
| ४ | | पत्रपत्रीका छपाई तथा सूचना प्रकाशन | कार्यालय | ३००,०००। | |
| ६ | | नार गाउँ नेपालको सवै भन्दा अग्लो स्थानमा रहेको वस्तिको रुपमा पहिचान गराउन आवस्यक पहलका लागि | नार गाउँ | १,००,०००। | |
| | | | जम्मा रकम रु. | १८,५०,०००। | |

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

**संशोधन कार्यक्रम तथा बजेट** **खण्ड ख** **पूँजिगत तर्फ**

| क्र.सं. | बजेट रकम नं. | कार्यक्रम शिषक | कार्यान्वयन हुने स्थान | अनुमानीत आवस्यक बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २६६११ | गा.पा.कार्यालय भवनमा विद्युत व्यारिङ तथा सोलार जडान | नार्पा भूमि गा.पा कार्यालय | ४,००,०००। | |
| २ | २६६११ | था खोला जलविद्युत, मर्मत तथा विस्तार ( मेता विद्युतीकरण योजना) | नार, मेता, च्याँखु, क्याङ | ४२,००,०००। | |
| ३ | २६६११ | ना खोला जलविद्युतको लागि टरवाई खरिद तथा ढुवानी | ५ नं. वडा फू गाँउ | १३,००,०००। | |
| ४ | २६६११ | फू वडा नं. ५ वडा कार्यालयको पर्खाल निर्माण तथा कम्पाउण्ड मिलाउने | ५ नं. वडा कार्यालय फू | १०,००,०००। | |
| ५ | २६६११ | फू मा खानेपानी मर्मत | वडा नं. ५ फू गाउँ | ४,५०,०००। | |
| ६ | २६६११ | फू गाउँको टेलिकम टावर मा सोलार खरिद र जडान | फू, वडा नं. ५ | ४,५०,०००। | |
| ७ | २६६११ | बाडी पहिरो रोकथाम, धुर्जुग्युङ खोला | फू, वडा नं. ४ | ३,५०,०००। | |
| ८ | २६६११ | फू गाउँको हेलिप्याड मर्मत | | २,००,०००। | |
| ९ | २६६११ | भाल्ते घट्टा मर्मत | फू वडा नं. ४ | ३००,०००। | |
| १० | २६६११ | गा.पा कार्यालय केन्द्र च्याँखुमा जग्गा खरिद | च्याँखु, नार्पा भूमि गा.पा वडा नं. ३ | १५,००,०००। | |
| ११ | २६६११ | गा.पा. केन्द्रमा उद्यान निर्माण | गा.पा केन्द्, च्याँखु | २००,०००। | |
| १२ | २६६११ | च्याँखु गुरुयोजनाको विस्तृत परियोजना तयार ( DPR) | गा.पा केन्द्, च्याँखु | ५,००,०००। | |
| १३ | २६६११ | कोतो देखि मेता सम्मको बाटो मर्मत( हिंउ तथा बाढिपाहिरो पन्छाउने ) | कोतो देखि मेता | ६,३५,०००। | |
| १४ | २६६११ | काङलामा बाटो मर्मत( हिंउपहिरो पन्छाउने ) | काङला पास | ७५०००। | |
| १५ | २६६११ | नाम्प्याको गोरेटो बाटोमा हिंउपहिरो पन्छ्याउने | नाम्प्याल | ३,००,०००। | |
| १६ | २६६११ | च्याँखु देखि तल्लो च्याप सम्मको खानेपानी मर्मत | नार मेता | १,५०,०००। | |
| १७ | २६६११ | ले खोलामा काठे पुल निर्माण | नार | ३,००,०००। | |
| १८ | २६६११ | साम्डुप क्ष्योलिङ गुम्बामा भान्छाघर तथा डायनिङ निर्माण | नार | १०,००,०००। | |
| १९ | २६६११ | मेता प्रहरी चौकीको लागि आवस्यक सामाग्री व्यवस्थापन | मेता | ५०,०००। | |

पिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २० | २६६११ | मेता सिंचाई मर्मत | मेता | ५०,०००। | |
| २१ | २६६११ | फोहोर व्यवस्थापन | च्याँखु | २,१०,०००। | |
| २२ | २६६११ | धार्मिक तथा पर्यटकीय स्थलहरुको मर्मत तथा संरक्षण | नार र फू गाउँ अर्न्तरगत | २००,०००। | |
| २३ | २६६११ | साम्डुप क्ष्योलिङ र टासिल्हाखाङ गुम्वाको लगत स्टीमेत तयार ( भारतीय दुतावासमा पेश) | नार र फू | ३०,०००। | |
| २४ | २६६११ | पर्यटन पर्वद्धनको लागि नार फू ट्रयाल विकासको प्रचार प्रसार | नार फू | १,००,०००। | |
| २५ | २६६११ | साम्डु क्ष्योलिङ गुम्वाको उद्घाटन तथा सामग्री ढुवानी लगाएत व्यवस्थापनको लागि | नार | ३,००,०००। | |
| | | | जम्मा पूँजिगत रकम रु. | १,४२,५०,०००। | |

**खण्ड क चालु र खण्ड ख पूँजिगत तर्फको कुल कार्यक्रम बजेट( क १८,५०,००० ।+ ख १,४२,५०,०००। = कुल बजेट रु. १,६१,००,०००।अक्षेरुपी रु एक करोड एकसट्ठी लाख मात्र ।**

प्रस्ताव नं. १६ विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ पारित गरी कार्यान्वयनमा ल्याउन र विपद् व्यवस्थापन कोष खाता संचालन गर्ने विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ यस गाउँ सभाले अनुमोदन गरियोस भन्ने सम्वन्धमा ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नार्पा भूमि गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालनका लागि आवश्यक पर्ने विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ लाई यस गाउँ सभाले पारित गरी कार्यान्वयनमा ल्याउने र विपद् व्यवस्थापन कोष खाता यसै कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाका प्रमुख वा निजहरुले तोकेको आधिकारीक व्यक्तिको संयूक्त दस्तखतमा नेपाल बैंक लि चामे मनाङ शाखामा कोष खाता संचान गर्ने निर्णय आजको यस गाउ सभाबाट अनुमोदन गरियो ।

प्रस्ताव नं.१७

यस नार्पा भूमि गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृ गरिएका तपशिल बमोजिमका विधेयक नियम तथा निदेशिका र कार्यविधिहरुलाई अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

तपशिल

१. नार्पा भूमि गाउँपालिकाको आपतकालिन कार्यसंचालन कार्यविधि २०७६

२. नार्पा भूमि गाउँपालिकाको सहकारी विधेयक २०७६

३. नार्पा भूमि गाउपालिकाको एफ एम रेडियो व्यवस्थापान तथा संचालन कार्यविधि २०७६

४. नार्पा भूमि गाउँपालिकाको आर्धिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न विधेयक २०७६

५. नार्पा भूमि गाउँपालिकाको विपद् जोखिम न्यूनिकारण तथा व्यवस्थापन गर्ने विधेयक २०७६

६. नार्पा भूमि गाउँपालिकाको विपद् जोखिम न्यूनिकारण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७६

७. नार्पा भूमि गाउँपालिकाको न्यायिक ( कार्यविधि संवन्धी ) समिति सम्वन्धी विधेयक २०७६

८. नार्पा भूमि गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६

९. नार्पा भूमि गाउँपालिकाको गाउँ सभा संचालन कार्यविधि २०७६

१०. नार्पा भूमि गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी विधेयक २०७६

११. नार्पा भूमि गाउँपालिकाको फोहोर सरसफाई सम्वन्धी कार्यविधि २०७६

~~१२. नार्पा भूमि गाउँपालिकाको बालकल्याण्गृह सम्वन्धी कार्यविधि २०७६~~

१३. नार्पा भूमि गाउँपालिकाको अनाथ तथा युक्त बालवालिकाका लागि सामाजिक सुरक्षा कार्यकम संचालन कार्यविधि सम्वन्धी विधेयक २०७६

१४. नार्पा भूमि गाउँपालिकाको स्थानीय उर्जा विकास सम्वन्धी निर्देशिका २०७६

१५. नार्पा भूमि गाउँपालिकाको शिक्षा सम्वन्धी नियमावली २०७६

निर्णय नं. १७

प्रस्ताव नं. १७ उपर दफावार छलफल गर्दा यस नार्पा भूमि गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत गरिएका तपशिल बमोजिमका विधेयक नियम तथा निदेशिका र कार्यविधिहरुलाई आजको यस गाउँ सभाबाट अनुमोदन गरिएको छ ।

<u>तपशिल</u>

१. नार्पा भूमि गाउँपालिकाको आपतकालिन कार्यसंचालन कार्यविधि २०७६

२. नार्पा भूमि गाउँपालिकाको सहकारी विधेयक २०७६

३. नार्पा भूमि गाउपालिकाको एफ एम रेडियो व्यवस्थापान तथा संचालन कार्यविवि २०७६

४. नार्पा भूमि गाँउपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने विधेयक २०७६

५. नार्पा भूमि गाँउपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने विधेयक २०७६

६. नार्पा भूमि गाँउपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापना सम्वन्धि कार्यविधि २०७६

७. नार्पा भूमि गाँउपालिकाको न्यानिक ( कार्यविधि सम्वन्धी ) समिति सम्वन्धी विधेयक २०७६

८. नार्पा भूमि गाँउपालिकाको सार्वजनिक खरिद नियमावली २०७६

९.नार्पा भूमि गाँउपालिकाको गाउँ सभा संचालन कार्यविधि २०७६

१०. नार्पा भूमि गाँउपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी विधेयक २०७६

११. नार्पा भूमि गाँउपालिकाको फोहोर सरसफाई सम्वन्धी कार्यविधि २०७६

१२. नार्पा भूमि गाँउपालिकाको अनाथ तथा युक्त बालवलिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि सम्वन्धी विधेयक २०७६

१३. नार्पा भूमि गाँउपालिकाको स्थानीय उर्जा विकास सम्वन्धी निर्देशिका २०७६ का साथै नार्पा भूमि गाँउपालिकाको शिक्षा सम्वन्धी नियमावली २०७६ समेत पारित गरियो ।

प्रस्ताव नं. १८

यस नार्पा भूमि गाँउपालिका अति दुर्गम तथा विकट भएकोले तत्काल संचालन गरि सम्पन्न गर्नु पर्ने योजनाहरुमा तुरुन्तै उपभोक्ता समिति गठन गरि वा ठेक्का प्रकियाबाट सम्पन्न गर्न नसकिने विषेश अवस्थामा त्यस्ता योजनाहरु यसै गाँउपालिकाका अध्यक्षज्यूको कार्यादेशबाट सन्चालन गर्न सकिने व्यवस्थाको लागि यस गाउँपालिकाको सभाबाट पारित गर्नको लागि प्रस्ताव पेश गरिएको सम्वन्धमा ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस नार्पा भूमि गाँउपालिका अति दुर्गम तथा विकट भएकोले तत्काल संचालन गरि सम्पन्न गर्नु पर्ने योजनाहरुमा तुरुन्तै उपभोक्ता समिति गठन गरि वा ठेक्का प्रकियाबाट सम्पन्न गर्न नसकिने विषेश अवस्थामा त्यस्ता योजनाहरुको लागि यसै गाँउपालिकाका अध्यक्षज्यूको कार्यादेशबाट सन्चालन गर्ने निर्णयको लागि पेश भएको प्रस्तावको सम्वन्धमा यस गाँउपालिकामा अकस्मात हुने खानेपान अवरुद्धलाई मर्मत गर्ने,बाडीपहिरोबाट क्षेति हुने बाटो मर्मत गर्ने, आकस्मिक हेलिप्याड मर्मत, काठेपुल निर्माण तथा मर्मत लगाएतका अत्यावस्यक कार्यहरु गर्न तत्काल स्थानीय जनताको श्रमदानबाट समेत हुन नसक्ने हुनाले त्यसतो अवस्थामा अध्यक्षज्यूको कार्यादेशबाट त्यस्ता योजनाहरुको विषेश अवस्थामा कार्यादेश मार्फत गराउन सक्ने व्यवस्थाको लागि आजको यस पाँचौ गाँउ सभाबाट पारित गरियो ।

नार्पा भूमि गाँउपालिका
गाउँपालिकाको कार्यालय
च्याँङ, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

छिरिङ ग्युर्मेङ लामा
गाउँपालिका अध्यक्ष

गाउँपालिका अध्यक्ष

माथिको प्रस्ताव नं १८ र सो को निर्णय अनुसार यस गाँउसभावाट पारित मध्य निम्न योजनाहरु विशेष परिस्थिति पर्न आएकोले उक्त योजनाहरु गा.पा. का अध्यक्षको कार्यादेशमा सोझै कार्यान्वयन गराउने निर्णय गरियो ।

योजनाहरुः

१. फू मा खानेपानी मर्मत योजना ५ नं वडा फू .............. रु ४,५०,०००।-

२. बाडी पहिरो रोकथाम, धुर्जुग्युङ खोला ४ नं वडा फू .............. रु ३,५०,०००।-

३. हेलिप्याड मर्मत ४ नं वडा फू .............. रु २,००,०००।-

४. भाल्ते घट्टा मर्मत ४ नं वडा फू .............. रु ३,००,०००।-

५. नाम्याको गोरेटो बाटोमा हिंउपहिरो पन्छ्याउन ५ नं वडा नार.............. रु ३,००,०००।-

६. च्याँखु देखि तल्लो च्याप सम्मको खानेपानी मर्मत ३ नं वडा नार .............. रु १,५०,०००।-

७. ले खोलामा काठे पुल निर्माण १ नं वडा नार .............. रु ३,००,०००।-

८. मेता सिंचाई मर्मत २ नं वडा नार .............. रु २,१०,०००।-

2260,000